# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

प्रेस विज्ञप्तिः २०७२।१०।२८ गते ।

**आरोपपत्र दायर गरिएको । (गैह्रकानूनी रुपमा सम्पत्ति आर्जन गरेको)**

नेपाल बिद्युत प्राधिकरणका तत्कालिन सहायक प्रवन्धक ध्रुव कुमार उप्रेतीले पदमा बहाल रहँदा बिभिन्न आ.ब.हरुमा आफ्नो पदीय अधिकारको दुरुपयोग एवं भ्रष्टाचार गरी गैर-कानूनीरुपबाट सम्पत्ति आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले जम्मा विगो रु ४,१८,१०,८०९।–( अक्षरुपी चार करोड अठार लाख दश हजार आठ सय नौ रुपैया) कायम गरी सोही ऐनको दफा १५, दफा १६ ग तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २० को उपदफा (२) अनुसार विगो बमोजिम जरीवाना तथा कैद सजाय हुन र निजले भ्रष्टाचार गरी गैह्रकानूनीरुपमा आर्जन गरेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत गरी पाउन मागदाबी लिई सो प्रयोजनका लागि निज ध्रुव कुमार उप्रेतीको श्रीमती सन्ध्या लामीछाने (उप्रती) लाई समेत प्रतिवादी कायम गरी आज विशेष अदालत, काठमाडौंमा आरोपत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।